# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, असार १३ गते २०५४ साल (अतिरिक्ताङ्क १५ (ख)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय परराष्ट्र र आवास तथा भौतिक योजना मन्त्री श्री कमल थापा हङकङ चीनलाई हस्तान्तरण गर्ने समारोहमा भाग लिन २०५४ साल असार १४ गते त्यसतर्फ जानुहुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको परराष्ट्र र आवास तथा भौतिक योजना मन्त्रालयहरूको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय अर्थ मन्त्री श्री रवीन्द्रनाथ शर्माले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा निम्नलिखित पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीश पदमा देहायबमोजिम नियुक्त गरिबक्सी पदस्थापन समेत गरिबक्सेको छ ।

१. पुनरावेदन अदालत, पोखराका न्यायाधीश श्रीमती शारदा श्रेष्ठलाई पुनरावेदन अदालत, धनकुटाको मुख्य न्यायाधीश पदमा ।

२. पुनरावेदन अदालत, बाग्लुङका न्यायाधीश श्री भुवनाथ उपाध्यायलाई पुनरावेदन अदालत, पोखराको मुख्य न्यायाधीश पदमा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ३

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम न्याय परिषद्को सिफारिशमा निम्नलिखित पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूलाई निम्नलिखित पुनरावेदन अदालतहरूमा सरुवा गरिबक्सेको छ ।

१. पुनरावेदन अदालत, पोखराका मुख्य न्यायाधीश पदमा पदाधिकार रही हाल सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा कार्यरत श्री केदारनाथ आचार्यको पदाधिकार पुनरावेदन अदालत, बाग्लुङको मुख्य न्यायाधीश पदमा ।

२. पुनरावेदन अदालत, बुटवलका मुख्य न्यायाधीश श्री टोपबहादुर सिंह सर्वोच्च अदालतको अस्थायी न्यायाधीश पदमा नियुक्त हुनु भएकोले उहाँको पदाधिकार पुनरावेदन अदालत, जुम्लाको मुख्य न्यायाधीश पदमा ।

३. पुनरावेदन अदालत, सुर्खेतका मुख्य न्यायाधीश श्री दिलीपकुमार पौडेललाई पुनरावेदन अदालत, पाटनको मुख्य न्यायाधीश पदमा ।

४. पुनरावेदन अदालत, पाटनका मुख्य न्यायाधीश श्री केदारप्रसाद गिरीलाई पुनरावेदन अदालत, बुटवलको मुख्य न्यायाधीश पदमा ।

५. पुनरावेदन अदालत, जुम्लाका मुख्य न्यायाधीश श्री खिलराज रेग्मीलाई पुनरावेदन अदालत, सुर्खेतको मुख्य न्यायाधीश पदमा ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
962